आज मिति २०८२।०९।२४ गते बिहानको ८:०० बजे गण्डकी गाउँपालिका, गाउँ कार्यपालिकाको १४८ औं (आ.व.२०८२/८३ को नबौ) बैठक गाउँपालिका अध्यक्ष श्री दिपक तिमिल्सिना साकारज्यूको अध्यक्षतामा गण्डकी गाउँपालिकाको बैठक कक्षमा बस्यो। उपस्थिती र निर्णय देहाय बमोजिम रहेको छ।

| सि.न. | पदाधिकारीज्यूहरुको नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री दिपक तिमिल्सिना | अध्यक्ष | |
| २ | श्री ललिता अधिकारी | उपाध्यक्ष | |
| ३ | श्री तोपमान गुरुङ | वडा अध्यक्ष वडा नं १ | |
| ४ | श्री यम बहादुर थापा | वडा अध्यक्ष वडा नं २ | |
| ५ | श्री सुवास पन्त | वडा अध्यक्ष वडा नं ३ | |
| ६ | श्री राजुबाबु भण्डारी | वडा अध्यक्ष वडा नं ४ | |
| ७ | श्री पहलमान बयालकोटी | वडा अध्यक्ष वडा नं ५ | |
| ८ | श्री तुल बहादुर गुरुङ | वडा अध्यक्ष वडा नं ६ | |
| ९ | श्री तुलसी रेग्मी | वडा अध्यक्ष वडा नं ७ | |
| १० | श्री कोकील बहादुर पुलामी मगर | वडा अध्यक्ष वडा नं ८ | |
| ११ | श्री सिताराम विश्वकर्मा | कार्यपालिका सदस्य | |
| १२ | श्री तारा परियार | कार्यपालिका सदस्य | |
| १३ | श्री कुन्ती माया प्रजा | कार्यपालिका सदस्य | |
| १४ | श्री लक्ष्मी श्रेष्ठ | कार्यपालिका सदस्य | |
| १५ | श्री लक्ष्मी बागदास | कार्यपालिका सदस्य | |
| १६ | श्री अ माया राना | कार्यपालिका सदस्य | |
| १७ | श्री तुलसी राम आचार्य | सचिव (प्र.प्र.अ.) | |
| | | | |

## निर्णयहरु

**प्रस्ताव नं १ : चालु आ.व. ०८२/८३ को बजेट संसोधन एवम् अनुमोदन सम्बन्धमा ।**

**निर्णय नं १ :** उपरोक्त सम्बन्धमा गण्डकी गाउँपालिको चालु आ.व. ०८२/८३ को योजना तथा कार्यक्रम बजेट संसोधन एवम् अनुमोदन गर्न गाउँसभामा पेश गर्ने सर्वसम्मत निर्णय गरियो ।

**प्रस्ताव नं २ : कर्मचारी संगठन र संरचना (O&M ) सम्बन्धमा ।**

**निर्णय नं २ :** उपरोक्त सम्बन्धमा गण्डकी गाउँपालिको कर्मचारी संगठन र संरचना (O&M ) अद्यावधिक प्रतिवेदन गाउँसभामा पेश गर्ने सर्वसम्मत निर्णय गरियो ।

**प्रस्ताव नं ३ :विविध**

**निर्णय नं ३.१ : लेखा समितिको आ.व. २०८१/८२ को वार्षिक समिक्षा सम्बन्धमा :-**

उपरोक्त सम्बन्धमा गण्डकी गाउँपालिको लेखा समितिको आ.व. २०८१/८२ को वार्षिक प्रतिवेदन तथा चालु आ.व. २०८२/८३ को चौमासीक आ.ले.प. समिक्षा प्रतिवेदन गाउँसभामा पेश गर्ने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं ३.२ : राजश्व परामर्श समितिको समिक्षा सम्बन्धमा :-**

गण्डकी गाउँपालिकाको राजश्व परामर्श समितिबाट प्रस्तुत गरिएको आ.व. २०८१/८२ को वार्षिक तथा चालु आ.व. २०८२/८३ को हालसम्मको प्रतिवेदन राजश्व संकलन अवस्था, नीति तथा कार्यविधिको कार्यान्वयन र आगामी अवधिका लागि प्रस्तावित सुधारात्मक सुझावहरू गाउँसभामा पेश गर्ने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं ३.३ : अध्यक्ष ज्यूको स्वकिय सचिवको निरन्ततरता सम्बन्धमा :-**

गाउँसभा, नगरसभा र जिल्ला समन्वय समितिका सदस्यले पाउने सुविधा सम्बन्धि ऐन, २०७६ दफा ११ मा निजि सचिवालय अन्तर्गत उपदफा ३ मा "गाउँपालिका अध्यक्षले आन्तरिक स्रोतबाट खर्च व्यहोर्ने गरी राजपत्र अनंकित द्वित्तिय श्रेणी वा सो सरहको स्वकीय सचिव राख्न पाउनेछन्" भन्ने व्यवस्था भए बमोजिम गण्डकी गाउँपालिकाका अध्यक्षज्यूको स्वकीय सचिव स्थानीय स्रोतबाट खर्च व्यहोर्ने गरी नियुक्ति लाई निरन्तरता दिने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं ३.४ : अधुरो बहुउद्देश्यीय सभाहल निर्माण कार्यको सम्बन्धमा:-**

हाल गण्डकी गाउँपालिको सेवाकेन्द्र गण्डकी गाउँपालिका ६ स्थित श्री तोमनडाँडा माविमा सञ्चालन भईरहेकोमा विद्यालयको वातावरण र पठन पाठन प्रक्रियालाई अझै व्यवस्थित गर्नुपर्ने भएकोले आगामी २ महिना भित्रमा वडा नं ६ भुम्लिचोक स्थित बन्टारमा रहेको बहुउद्देश्यीय भवनको भुँई तलामा गण्डकी गाउँकार्यपालिकाको सेवा केन्द्र सर्नुपर्ने भएकाले लाभग्राही समुदायको रोजगारी सृजना गर्ने तथा समुदायको प्रत्यक्ष सहभागिता गराउने उदेश्यले उपभोक्ता समिति मार्फत् १० प्रतिशत लागत साझेदारीमा गण्डकी गाउँपालिका वडा नं ६ भुम्लिचोक बन्टारको कित्ता नं २६०/२६२/२७१ मा निर्माणाधिन बहुउद्देश्यीय सभाहलको पहिलो एक तला थप गरि कोठा, सभाहल तथा बैठक हल निर्माण तथा व्यवस्थापन लाभग्राही समुदायलाई सहभागी गराई सम्पन्न गर्ने सर्वसम्मत निर्णय गरियो ।

तुलसी राम आचार्य
प्रमुख प्रशासकीय अधिकृत

दिपक तिमिल्सेना (साकार)
अध्यक्ष

गण्डकी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
भुम्लिचोक गोरखा
२०७४

दिपक तिमिल्सिना (सारंग)
अध्यक्ष

**निर्णय नं ३.५ : मध्यकालिन खर्च संरचना अनुमोदन सम्बन्धमा :-**

गण्डकी गाउँपालिकाको तयार पारिएको मध्यकालीन (२०८२-२०८५) खर्च संरचना (Medium Term Expenditure Framework – MTEF) सम्बन्धी प्रस्ताव छलफल गर्दा प्रस्तुत मध्यकालीन खर्च संरचना गाउँपालिकाको दीर्घकालीन आवधिक योजना, वार्षिक बजेट तथा उपलब्ध स्रोत–साधनसँग सामञ्जस्य रहेको देखिएको हुँदा सोही बमोजिम मध्यकालीन खर्च संरचना अनुमोदन गर्ने र गाउँसभामा समेत पेश गर्ने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं ३.६ : कर्मचारीहरुको तहवृद्धि सम्बन्धमा :-**

गण्डकी प्रदेश स्थानिय सेवा (गठन तथा संञ्चालन ऐन) २०७९ को दफा २७ को उपदफा १ वमोजीम गण्डकी गाउपालिका अन्तरगत स्थानिय सेवाको पदमा कार्यरत कर्मचारीहरुको तहवृद्धि गर्ने सम्बन्धमा नियमानुसार सुचना प्रकाशित गरिएकोमा वरिष्ठ प्रशासन सहायक श्री सुमन रेग्मीको निवेदन पेश हुन आएकोले आवस्यक प्रकृया पुरा गरी तह वृद्धि गर्ने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं ३.७ : अध्ययन बिदा स्वीकृत सम्बन्धमा:-**

गण्डकी गाउँपालिका वडा नं १ को मकैसिङ प्राथमिक स्वास्थ्य केन्द्रमा कार्यरत विरेन्द्र कुमार यादवयले आफ्नो निजी प्रयासमा अध्ययन गर्न असाधारण बिदा माग गरेकोमा निजलाई मिति २०८२/१०/०१ गतेदेखि लागुहुने गरी ३ वर्ष अध्ययन बिदा दिने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं ३.८ : कौदी पल्लोटार सडक ( २.०० कि.मी. ) को प्रारम्भिक वातावरणीय परिक्षण (IEE) को प्रतिवेदन सम्वन्धमा :-**

गण्डकी गाउँपालिका अन्तर्गत निर्माण प्रस्तावित कौडी पल्लोटार सडक (लम्बाइ २.०० कि.मी.) को प्रारम्भिक वातावरणीय परीक्षण (Initial Environmental Examination – IEE) सम्बन्धी छलफल गर्दा प्रस्तुत प्रतिवेदनले औंल्याएका सम्भावित वातावरणीय प्रभावहरू तथा न्यूनीकरण उपायहरूलाई कार्यान्वयन गर्ने प्रतिबद्धतासहित उक्त प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन स्वीकृत गर्ने तथा प्रचलित कानून बमोजिम आवश्यक प्रक्रिया अगाडि बढाउन सम्बन्धित शाखालाई निर्देशन दिने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं ३.९ : विषयगत शाखाको जिम्मेवारी हेरफेर सम्बन्धमा :-**

गण्डकी गाउँपालिका अन्तर्गत कार्यरत कर्मचारीहरूको विषयगत शाखा तथा जिम्मेवारी हेरफेर गरी सेवा प्रवाहलाई प्रभावकारी बनाउन तथा कार्यसम्पादनमा सहजता ल्याउने उद्देश्यले गण्डकी गाउँपालिका अन्तर्गत कार्यरत सहायक महिला विकास निरीक्षक श्री गीता बुढालाई वडा नं. ८ को वडा सचिवको जिम्मेवारी तोक्ने, हाल वडा कार्यालयमा कार्यरत वडा सचिव सिता विश्वकर्मालाई गाउँपालिकाको योजना तथा अनुगमन शाखा, पोषण शाखामा कार्यरत पोषण सहजकर्ता श्री सर्मिला चेपाङ लाई महिला वालवालिका तथा जेष्ठ नागरिक शाखाको थप जिम्बेवारी दिई कामकाजमा खटाउने सर्वसम्मत निर्णय गरियो।

तुलसी राम आचार्य
प्रमुख प्रशासकीय अधिकृत

गण्डकी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मुल्पिचोक गोरखा
२०७३

दिपक तिमिल्सिना (सारंग)
अध्यक्ष

**निर्णय नं ३.१०: हिमालयन रिभर गाईड एसोसियसन नेपाललाई अनुदान सम्बन्धमा :-**

हिमालयन रिभर गाईड एसोसियसन नेपालले २०८२ पौष १८ र १९ गते पर्यटन,खेलकुद र स्थानिय व्यवसायको विकास गर्ने उद्देश्य साथ त्रिशुली नदिमा कायाकिङ प्रतियोगीता अयोजना प्रस्ताव अनुसार उक्त संस्थालाई रु २००००। (विस हजार रुपैया) अनुदान दिने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं ३.११: चितवन उधोग संघलाई अनुदान सम्बन्धमा :-**

चितवन उधोग संघ ईच्छाकामना समितिलाई प्रथम सुन्तला महोत्सब सञ्चालनको लागी रु १५,००० रुपैया (अक्षरुपी रु पन्ध्र हजार रुपैया) अनुदान दिने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं ३.१२: गण्डकी गाउँपालिका उत्पादनमा आधारीत अनुदान कार्यविधि, २०८० सम्बन्धमा :-**

गण्डकी गाउँपालिका उत्पादनमा आधारीत अनुदान कार्यविधि, २०८० को परिच्छेद ३ र ५ मा तरकारी वाली र फलफुल सुन्तलालाई अनुदान दिने ब्यबस्था भएकोमा उक्त परिच्छेदहरुमा नगदेबालि कफि समाबेश गरि कफि पार्चमेन्ट प्रति केजि रु १५।- अनुदान दिने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं ३.१३: उद्यमशीलता प्रवर्द्धनका लागी समुह छनोट सम्बन्धमा :-**

महिला उद्यमी तथा उद्यमी महिला समुहलाई उद्यमशीलता प्रवर्द्धनका लागी प्रविधी सहयोग कार्यक्रम संचालन कार्यविधि – २०८२ अनुसार यस गण्डकी गाउँपालिका वडा नं. ३ को सिर्जनशिल महिला कृषक समुहलाई छनोट गरि सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय पठाउने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं ३.१४: परियोजना सञ्चालन अनुमति सम्बन्धमा :-**

श्री प्रवावस्ति आधारभूत विद्यालय, गण्डकी-१, श्री विजयाभवानी माध्यामिक विद्यालय, गण्डकी-१ एवं गण्डकी १ को चेपाङ समुदायमा आर्थिक एवं प्राविधिक सहयोग गरिरहेको श्री करुणामय फाउन्डेसन नेपाल, त्रीपुरेश्वर काठमाण्डौले श्री विजयाभवानी माध्यामिक विद्यालय, गण्डकी वडा नं १ अन्तर्गत सञ्चालनमा रहेको छात्रावासको भान्सा निर्माण अन्नपूर्णालय योजना मार्मत कार्यान्वयन गर्न परियोजना सञ्चालन अनुमती माग गरेकोले सो अनुमति प्रदान गर्ने सर्वसम्मत निर्णय गरियो।

**प्रस्ताव नं ३.१५ : मिति २००८२ साल मंसिर महिना २५ गते यस पालीकालाई बिपक्षी बनाई दायर भएको सर्वोच्च अदालतमा बिचारधिन उत्प्रेषण समेत मुद्दाको सम्बन्धमा ।**

उपरोक्त सम्ब्रन्धमा यस गण्डकी गाउँपालिका र यसै कार्यालयका प्रमुख प्रशासकीय अधिकृत समेतलाई बिपक्षी बनाई मिति २०८२ साल मंसिर महिना २५ गते सम्मानीत सर्वोच्च अदालतमा श्री पृथ्वी निर्माण सेवाको प्रोपाईटर रमेश कुमार गौली समेतले दायर गरेको बिचारधिन उत्प्रेषण समेत मुद्दा नं. ०८२-WO-०५८१ को सम्बन्धमा सम्मानीत सर्वोच्च अदालतमा उपस्थित भई लिखित जवाफ लगाउने, तारिखमा बस्ने, समेतका सम्पुर्ण कार्य गर्ने गरी यस गण्डकी गाउँपालिकाको आलेप श्री प्रशन्न तिवारी ज्युलाई पठाउने सर्वसम्मत निर्णय गरीयो ।

तुलसी राम आचार्य
प्रमुख प्रशासकीय अधिकृत

दिपक तिमिल्सिना (साकार)
अध्यक्ष

**प्रस्ताव नं ३.१६ : जग्गाको वर्गिकरण मापदण्ड सम्बन्धमा:**

गण्डकी गाउँपालिका अन्तर्गत तपसिल अनुसारका जग्गा बर्गिकरण गर्दा फरक परेकोले उक्त जग्गाको वर्गिकरण मापदण्ड अनुसार परिवर्तन गर्ने सर्वसम्मत निर्णय गरियो ।

| क्र.स | जग्गा धनीको नाम | साविक जग्गाको विवरण | कित्ता नं (क्र.स) | हालको वर्गीकरण | परिवर्तन पछिको वर्गीकरण | क्षेत्रफल क्र.स (रोपनीमा ) | परिवर्तनको कारण | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १. | हस्त वहादुर कडेल | साविक घ्याल्चोक सिउरेनिटार वडा नं ९, हाल वडा नं. ८ सिउरेनिटार | ३८६१ | छुट | व्यवसायिक | ३-७-१-३ | व्यवसायिक क्षेत्र | |

**प्रस्ताव नं ३.१७ : दहत्तर बहत्तर कर सम्बन्धमा:**

दहत्तर बहत्तर कर सम्बन्धमा गण्डकी प्रदेश आर्थिक ऐन र गण्डकी गाउँपालिका आर्थिक ऐनमा फरक परेकाले आ.व. २०८२/०८३ को लागि गण्डकी प्रदेश आर्थिक ऐन २०८२ को अनुसूचि-७ अनुसार तपशिल बमोजिम करको दर संशोधन गरि कार्यान्वयन गर्न गाउँसभा पेश गर्ने गर्ने निर्णय गरियो ।

तपशिल:

| क्र.स. | सेवाको किसिम | इकाई | हाल रहेको दर रु. (भ्याट बाहेक) | प्रदेशको दर रु. (भ्याट बाहेक) | प्रदेश दर अनुसार कायम गरिएको दर रु. (भ्याट बाहेक) |
|---|---|---|---|---|---|
| २०.१ | माटो अन्य प्रयोजन | प्रति घन मिटर | २०० | १२३.६ | १२३.६ |
| २०.२ | माटो (उपभोक्ता समिति मार्फत हुने कार्यमा र आय ठेक्का प्रयोजनको लागि) | प्रति घन मिटर | १२३.६ | १२३.६ | १२३.६ |
| २०.३ | ढुङ्गा, गिट्टि, बालुवा, अन्य प्रयोजन | प्रति घन मिटर | ४०० | २४७.२० | २४७.२० |
| २०.४ | ढुङ्गा,गिट्टि,बालुवा (उपभोक्ता समिति मार्फत हुने कार्यमा र आय ठेक्का प्रयोजनको लागि) | प्रति घन मिटर | २४७.२० | २४७.२० | २४७.२० |